**BMC Research Journal**
**ISSN**: 2795- 1731,
Peer-reviewed Multidisciplinary
Open Access Journal
Indexed in Journal

**Birendra Bidhya Mandir Campus**
Tikapur, Kailali, Nepal
Url:www.birendracampus.edu.np

Research Article

# थैले खत्रीको इतिहास कथामा अनुभूतिको संरचना

**होमनाथ जोशी, पि.एचडी स्कलर**
उपप्राध्यापक
डोटी बहुमुखी क्याम्पस, त्रि.वि.

Published by: Research Management Cell, BMC, Tikapur, Kailali, Nepal
Publication: June 2025, Volume: 4, BMC Research Journal
Corresponding author: Homnath Joshi, joshi.homnath123@gmail.com
Orcid: https://orcid.org/0009-0004-7178-1075
Copy right@ The Author (s). The publisher may reuse the article(s) as per the prior permission of the concerned author(s).
DOI: 10.3126/bmcrj.v4i1.80171

## लेखसार

प्रस्तुत अनुसन्धानात्मक लेख साहित्यको समाजशास्त्रीय अध्ययनको प्रमुख मान्यताका रूपमा रहेको रेमन्ड विलियम्सको अनुभूतिको संरचनाका आधारमा कथाकार प्रदीप नेपालको 'थैले खत्रीको इतिहास' कथाको विश्लेषण गरिएको छ। समाजशास्त्रीय अध्ययनका लागि उपयुक्त रहेको कथाकार प्रदीप नेपालको 'थैले खत्रीको इतिहास' कथालाई विश्लेष्य सामग्रीको रूपमा प्रस्तुत गर्दै कथामा प्रस्तुत पिँढी र प्रभुत्वको अध्ययन गरिएको छ। प्रस्तुत कथामा केकस्तो पिँढी र प्रभुत्व छ र कथामा कसरी अनुभूतिको विशिष्ट संरचना निर्माण हुनपुगेको छ भन्ने सन्दर्भलाई सैद्धान्तिक आधारबाट विश्लेषण गरिएको छ । कथाकार प्रदीप नेपालको यस कथालाई अन्य विभिन्न समाजशास्त्रीय मान्यताका आधारमा अध्ययन गर्न सकिने भए तापनि यस लेखमा रेमन्ड विलियम्सको साहित्यको समाजशास्त्रीय अध्ययनको केन्द्रीय मान्यताका रूपमा रहेको सांस्कृतिक भौतिकवादमा आधारित अनुभूतिको संरचनाका आधारमा मात्र विश्लेषण गरिएको छ। सोद्देश्य नमुना छनौटका आधारमा अनुभूतिको संरचनाको प्रधानता भएको 'थैले खत्रीको इतिहास' कथालाईप्रस्तुत गरिएको छ भने कथाविश्लेषणका लागि पाठविश्लेषण विधिको प्रयोग गरिएको छ । कथाका साक्ष्यका आधारमा प्रस्तुत कथा अनुभूतिको संरचनाका दृष्टिले सफल रहेको छ भन्ने निष्कर्ष प्रस्तुत गरिएको छ।

**मुख्य शब्दावली** : अधीनस्थ, उदीयमान, पिँढी, प्रभुत्व, संस्कृति

## अध्ययनको पृष्ठभूमि

प्रदीप नेपाल (२०१०) नेपाली साहित्यमा कविता, कथा, उपन्यास र संस्मरण जस्ता फरक क्षेत्रमा कलम चलाई २०३० को दशकबाट हालसम्म निरन्तर क्रियाशील व्यक्तित्व हुन् । उनका हालसम्म सूर्यमानको कथा शृङ्खला (२०४१), कथाभित्रका नारी अनुहारहरू (२०४७), बेचिएका चेलीहरू (२०४८), परोपकार यात्रा (२०५०), धरहराको सहर (२०६२), बाघ मारेको लालसलाम ( २०६४) लगायत कथासङ्ग्रहका साथै बालउपन्यास र संस्मरण प्रकाशित भएको पाइन्छ । उनका कथामा सामाजिक राजनीतिक चेतनाका साथै नेपाली समाजमा रहेका सामाजिक एवम् आर्थिक विषमताको चित्रण पाइन्छ । उनले कथामा वर्गीय, जातीय तथा लैङ्गिक समस्यालाई प्रमुख विषय बनाएर चित्रण गरिएको पाइन्छ । साथै उनका कथामा नेपाली समाजमा हुने गरेका जातीय, लैङ्गकि, सामाजिक तथा आर्थिक विभेदको चित्रण मात्रै नभई समाजमा पछि पारिएकाहरूप्रति सहानुभूतिका साथै समतामूलक समाज निर्माणको अभिव्यक्ति पनि कथाका माध्यमबाट प्रस्तुत गरिएको पाइन्छ । कथामा निम्न वर्गीय पात्रको नायकत्व प्रस्तुत गरी प्रभुत्वशाली पिँढीको चिन्तन र व्यवहारबाट प्रताडित बन्दै कसरी विशिष्ट अनुभूतिको संरचना निर्माण हुन पुगेको छ भन्ने सन्दर्भ कथामा प्रस्तुत गरिएको छ ।

'थैले खत्रीको इतिहास' कथा कथाकार प्रदीप नेपालको 'धरहराको सहर' कथासङ्ग्रह ( २०६२) भित्र सङ्ग्रहित कथा हो । यो कथा सर्वप्रथम 'उत्साह' पत्रिका (२०४३) मा प्रकाशित भएको पाइन्छ । प्रस्तुत कथामा समाजमा प्रभुत्वशाली वर्गले निम्न वर्गप्रति कस्तो व्यवहार गर्दछन् त्यस प्रभुत्वशाली पिँढीका विचारका विरुद्धमा अर्को नयाँ विचारको जन्म कसरी हुन्छ भन्ने सन्दर्भ प्रस्तुत गरिएकाले यो कथा रेमन्ड विलियम्सको साहित्यको समाजशास्त्रीय मान्यताका रूपमा रहेको सांस्कृतिक भौतिकबाद अन्तर्गत अनुभूतिको संरचनाका आधारमा विश्लेषण गर्न उपयोगी रहेको छ । प्रस्तुत कथामा कथाकारले थैले खत्रीलाई प्रमुख पात्र बनाई ख्याउटे कार्की जस्तो प्रभुत्वशाली संस्कृति बोकेको पात्रका कारण थैले खत्रीले कसरी घरबार विहीन बन्नु पर्‍यो र समाजको त्यो प्रभुत्वशाली विचारका विरुद्ध कसरी नयाँ विचारले जन्म लियो भन्ने अभिव्यक्ति पाइने यस कथामा थैले खत्रीको आफ्नो पुर्ख्यौली दश मुरी धान फल्ने खेतमा ख्याउटे कार्कीले आफ्ना गोरु नार्न थालेपछि आफूमाथि गरेको अन्याका विरुद्ध धाबा बोल्न थाल्छ । थैले खत्री आफ्नो खेतबारी हडप्ने, स्वास्नीमाथि दुर्वचन बोल्ने, र घरमा आगो लगाउने ख्याउटे कार्कीका विरुद्ध प्रतिकार गर्छ । यसरी प्रभुत्वशाली वर्गले कसरी आफ्नो विचार अरुमाथि प्रयोग गरेको छ । साथै दबाव तनावका बिचमा

कसरी अनुभूतिको विशिष्ट संरचना निर्माण भएको भन्ने विश्लेषण गर्न सकिने भएकाले साहित्यको समाजशास्त्रीय अध्ययनका लागि थैले खत्रीको यो कथा निकै सान्दर्भिक र उपयोगी रहेको छ ।

'अनुभूतिको संरचना' प्रसिद्ध बेलायती बेलायती समाजशास्त्री तथा चिन्तक रेमन्ड विलियम्सको महत्त्वपूर्ण मान्यता हो । रेमन्ड विलियम्सका विचारमा संरचनाले सुनिश्चित रूपको बोध गराउँछ भने अनुभूतिले कलाको अनुभव पक्षलाई प्रस्तुत गर्छ । अनुभूतिको संरचनालाई एउटा कालखण्डको संस्कृति पनि भन्न सकिन्छ । कुनै एउटा समयबिन्दुमा तीन तहको अनुभूतिको संरचना व्यवहारमा देखिन्छ । त्यस समयमा बाँचिरहेका तीन पिँढीहरू आफ्नो समयको संसारसँगको क्रिया प्रतिक्रियामा अनुभूतिको संरचना निर्माण गर्छन् । यसै क्रममा उनले प्रभुत्वशाली, अवशिष्ट र उदीयमान गरी तीन पिँढीको चर्चा गरेको पाइन्छ । प्रभुत्वशाली पिँढी शासकको हैसियतमा रहेको हुन्छ । दोस्रो वा तेस्रो पिँढीले दबाब र तनाबको बिचमा वैकल्पिक बाटो रोज्छ र परिणामस्वरूप नयाँ अनुभूतिको संरचना निर्माण हुन्छ । विश्लेष्य कथामा केकस्तो पिँढी र प्रभुत्त्व विद्यमा छ र यसमा कसरी अनुभूतिको संरचना निर्माण भएको छ भन्ने विषयलाई प्रमुख समस्या बनाई प्रस्तुत कथामा पिँढी र प्रभुत्वका साथै अनुभूतिको संरचनाको विश्लेषण गर्नु यस लेखको प्रमुख उद्देश्य रहेको छ ।

## अध्ययनको समस्या

प्रस्तुत अनुसन्धानात्मक लेख कथाकार प्रदीप नेपालद्वारा लिखित 'थैले खत्रीको इतिहास' कथाको विश्लेषण समाजशास्त्रीय अध्ययनको महत्त्वपूर्ण मान्यताका रूपमा रहेको अनुभूतिको संरचनामा केन्द्रित भएकाले कथामा के-कस्तो पिँढी र प्रभुत्व विद्यमान छ र कथामा कसरी अनुभूतिको विशिष्ट संरचना निर्माण हुनपुगेको छ भन्ने कुरालाई प्रमुख समस्याका रूपमा प्रस्तुत गरिएको छ । यही नै यस अध्यनको शोधअन्तराल रहेको छ ।

## अध्ययनको उद्देश्य

'थैले खत्रीको इतिहास' कथामा अनुभूतिको संरचनालाई मुख्य समस्याका रूपमा प्रस्तुत गर्दै यसै मुख्य समस्याको प्राज्ञिक समाधान स्वरूप उक्त कथामा अनुभूतिको संरचनाको निरूपण गर्नु नै यस लेखको प्रमुख उद्देश्य रहेको छ ।

## अध्ययन विधि

प्रस्तुत लेखका लागि कथाकार प्रदीप नेपालद्वारा लिखित 'थैले खत्रीको इतिहास' कथालाई साहित्यको समाजशास्त्रीय मान्यताअन्तर्गत अनुभूतिको संरचनाका आधारमा अध्ययन गरिएको छ ।

अध्ययनको क्रममा थैले खत्रीको इतिहास कथालाई प्राथमिक सामग्रीको रूपमा लिइएको छ, भने अनुभूतिको संरचनासम्बन्धी सैद्धान्तिक सामग्रीलाई द्वितीयक सामग्रीको रूपमा उपयोग गरिएको छ । कथाकार प्रदीप नेपालका अन्य कथाहरू पनि अनुसन्धानका लागि उत्तिकै महत्त्वपूर्ण भए तापनि यसमा सोद्देश्य नमुना छनौटका आधारमा अनुभूतिको संरचना पाइने थैले खत्रकिो इतिहास कथालाई मात्र विश्लेष्य सामग्रीको रूपमा प्रस्तुत गरिएको छ । सङ्कलनमा पुस्तकालयीय स्रोतको उपयोग गरिएको छ । प्रस्तुत कथालाई  निगमनात्मक पद्धतिका आधारमा विश्लेषण गरी निष्कर्ष प्रस्तुत गरिएको छ । सङ्कलित सामग्रीको अर्थापन गर्न पाठविश्लेषण विधिको उपयोग गरिएको छ । समग्रमा यो लेख गुणात्मक पद्धतिमा आधारित रहेको छ ।

## पूर्वकार्यको पुनरावलोकन

साहित्यको समाजशास्त्रीय मान्यताका आधारमा नेपाली आख्यानको अध्ययन गर्ने परम्परा रहे तापनि कथाकार प्रदीप नेपालको थैले खत्रकिो इतिहास कथालाई साहित्यको समाजशास्त्री मान्यता अन्तर्गत पर्ने 'अनुभूतिको संरचना' का आधारमा अध्ययन विश्लेषण भएको पाइँदैन । हालसम्म अध्ययन हुन बाँकी रहेको 'थैले खत्रीको इतिहास' कथामा अनुभूतिको संरचनाको अध्ययन गर्नु नै यस लेखको शोध अन्तराल रहेको छ । हालसम्म अनुभूतिको संरचनासम्बन्धी भएगरेका अनुसन्धान तथा सैद्धान्तिक पुस्तकको कालक्रमिक विवरणसहितको समीक्षा निम्न बमोजिम प्रस्तुत गरिएको छ :

मैनेजर पाण्डेय (सन् १९७४) *साहित्य के समाजशास्त्रीय भूमिका नामक* पुस्तकमा साहित्यको समाजशास्त्रीय मान्यताअन्तर्गत रेमन्ड विलियम्सद्वारा प्रतिपादित अनुभूतिको संरचनासम्बन्धी सैद्धान्तिक  आधार प्रस्तुत गरिएको पाइन्छ । यस पुस्तकमा आख्यान विश्लेषणका मान्यता प्रस्तुत गरिएकाले प्रस्तुत लेखमा सामग्री विश्लेषणको अवधारणा निर्माणका लागि उपयागी रहेको छ ।

निर्मला जैन (सन् १९८६) द्वारा लिखित *साहित्यका समाजशास्त्रीय चिन्तन* नामक पुस्तकमा साहित्यको समाजशास्त्रीय अध्ययनसम्बन्धी मान्यताहरू प्रस्तुत गर्ने क्रममा अनुभूतिको संरचनासम्बन्धी  सैद्धान्तिक मान्यता प्रस्तुत गरिएको पाइन्छ । उक्त पुस्तकमा साहित्य र समाजबिचको अन्तर्सम्बन्धलाई प्रस्तुत गरिएकाले प्रस्तुत 'थैले खत्रीको इतिहास' कथामा अनुभूतिको संरचना शीर्षको लेखका लागि  अवधारणा निर्माण गर्न उपयोगी रहेको छ ।

कृष्ण गौतम (२०५९) *आधुनिक आलोचना : अनेक रूप अनेक पठन* नामक पुस्तकअन्तर्गतको समाजशास्त्रीय आलोचना शीर्षकको लेखमा साहित्य एक प्रकारको समाजशास्त्र हो भन्दै साहित्य र समाजशास्त्रको काम समाजको अवस्थालाई देखाउनु हो भन्ने उल्लेख गरिएको पाइन्छ । यस पुस्तकमा साहित्यको समाजशास्त्रीय मान्यताका साथै प्रह्लाद नाटकको समाजशास्त्रीय पठन  प्रस्तुत गरिएको छ । उक्त पुस्तकमा कथाको विश्लेण नगरिएको भए पनि प्रदीप नेपालद्वारा रचना गरिएको थैले खत्रीको इतिहास कथा विश्लेषणको अवधारणा निर्माणका लागि उपयोगी रहेको छ ।

बिदुला घिमिरे (२०६९) *बानिरा गिरीका उपन्यासहरूमा अनुभूतिको संरचना* शीर्षक रहेको दर्शनाचार्य शोधप्रबन्धमा साहित्यको समाजशास्त्रका व्याख्याता रेमन्ड विलियम्सको प्रमुख मान्यताका रूपमा रहेको सांस्कृतिक भौतिकवादमा आधारित अनुभूतिको संरचनाको सैद्धान्तिक जगमा रहेर विश्लेषण प्रस्तुत गरिएको पाइन्छ तर कथाकार  प्रदीप नेपालको थैले खत्रीको इतिहास कथाको विश्लेषण भने पाइँदैन । उक्त अध्ययनमा अनुभूतिको संरचना विश्लेणको सैद्धान्तिक आधार प्रस्तुत गरिएकाले यस लेखमा विश्लेषणको अवधारणा निर्माणका लागि सहयोगी रहेको छ ।

ताराकान्त पाण्डेय (२०७३) *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र* नामक पुस्तकमा रेमन्ड विलियम्सको प्रमुख मान्यताका रूपमा रहेको सांस्कतिक भौतिकवादअन्तर्गत अनुभूतिको संरचनाका आधारमा बसाइँ उपन्यासको विश्लेषण प्रस्तुत गरिएको छ । उक्त पुस्तकमा कथाकार प्रदीप नेपालका कथाहरूको विश्लेषण भने पाइँदैन । प्रस्तुत अध्ययनमा अनुभूतिको संरचनासम्बन्धी सैद्धान्तिक परिचयका साथै विश्लेषणको ढाँचा निर्माण गर्न यो पुस्तक उपयोगी रहेको छ ।

विदुला घिमिरे (२०७४) *सामाजिक यथार्थवादी नेपाली उपन्यासमा अनुभूतिको संरचना* शीर्षक रहेको विद्यावारिधि शोधप्रबन्धमा अनुभूतिको संरचनासम्बन्धी मान्यता प्रस्तुत गर्दै प्रभुत्वशाली संस्कृति, अवशिष्ट संस्कृति र उदीयमान संस्कृतिबारे सैद्धान्तिक चर्चा गरिएको छ । उक्त शोधप्रबन्धमा मुलुकबाहिर, बसाइँ, एक पालुवा अनेकौँ याम, बैसको मान्छे, आगत, घामका पाइलाहरू र अविरल बग्दछ इन्द्रावती उपन्यासलाई अनुभूतिको संरचनाका आधारमा विश्लेषण गरिएको पाइन्छ तर कथाका प्रदीप नेपालको थैले खत्रीको इतिहास कथाको अध्ययन भने पाइँदैन । प्रस्तुत अध्ययनमा अनुभूतिको संरचनासम्बन्धी सैद्धान्तिक आधारका साथै अवधारणा निर्माण गर्न उपयोगी रहेको छ ।

कृष्ण गौतम (२०७५) *मार्क्सवाददेखि उत्तरमार्क्सवादसम्म* नामक पुस्तकमा साहित्यको समाजशास्त्रीय अध्ययनका अवधारणा प्रस्तुत गर्ने क्रममा रेमन्ड विलियम्सको साहित्यको समाजशास्त्रीय अध्ययनको प्रमुख मानयताका रूपमा रहेको सांस्कृतिक भौतिकवाद अन्तर्गत अनुभूतिको संरचनासम्बन्धी सैद्धान्तिक आधार प्रस्तुत गरिएको छ । प्रस्तुत लेखमा कथाकार प्रदीप नेपालद्वारा रचना गरिएको थैले खत्रीको इतिहास कथाको विश्लेषणका लागि अवधारणा निर्माण गर्न उपयोगी रहेको छ ।

तोयानाथ सुवेदी (२०७८) *ऋषिराज बरालका कथामा अनुभूतिको संरचना* शीर्षक रहेको दर्शनाचार्य शोधप्रबन्धमा अनुभूतिको संरचनासम्बन्धी मान्यताका आधारमा कथाको विश्लेषण गरिएको पाइन्छ तर उक्त शोधप्रबन्धमा प्रदीप नेपालद्वारा रचना गरिएको थैले खत्रीको इतिहास कथाको अध्ययन भने भएको पाइँदैन । यसरी उक्त अध्ययनमा कथा विश्लेषणको आधार प्रस्तुत गरिएकाले यस लेखमा विश्लेषणको अवधारणा निर्माणका लागि उपयोगी रहेको छ ।

दुर्गाबहादुर घर्ती (२०७९) *केही दृष्टिकोण केही विश्लेषण* नामक पुस्तकमा आख्यान अध्ययनका आधारहरू प्रस्तुत गर्दै साहित्यको समाजशास्त्रका अवधारणा र पद्धतिअन्तर्गत रेमन्डविलियम्सको प्रमुख मान्यताका रूपमा रहेको सांस्कृतिक भौतिकवादसँगै अनुभूतिको संरचनासम्बन्धी मान्यता प्रस्तुत गरिएको छ । यस पुस्तकमा साहित्यको समाजशास्त्रीय अध्ययनका आधार प्रस्तुत गरिएकाले यस अध्ययनको अवधारणा निर्माणका लागि उपयोगी रहेको छ ।

साहित्यको समाजशास्त्रीय मान्यताअन्तर्गत 'अनुभूतिको संरचना' साहित्य अध्ययनको महत्त्वपूर्ण मान्यता हो । हालसम्म भएगरेका यससम्बन्धी कार्यको पुनरावलोकनपश्चात् नेपाली साहित्यको क्षेत्रमा विभिन्न कथाकारहरूका कथाकृतिहरूको समाजशास्त्रीय अध्ययन भए तापनि प्रदीप नेपालद्वारा रचना गरिएको 'थैले खत्रीको इतिहास' कथामा अनुभूतिको संरचनाको अध्ययन भएको छैन । यही नै यस लेखको मुख्य समस्या रहेको छ । यसै समस्याको पूर्तिका लागि यो लेख केन्द्रित रहेको छ ।

## सैद्धान्तिक आधार

रेमन्ड विलियम्स (१९२१-१९८८) द्वितीय विश्वयुद्धपछिको कला तथा सांस्कृतिक चिन्तनका क्षेत्रमा केन्द्रीय व्यक्तित्वका रूपमा रहेका चिन्तक समाजशास्त्री हुन् । उनको अनुभूतिको संरचना समाजसँग संस्कृतिको जीवनत र सिर्जनात्मक सम्बन्धको व्याख्याका क्रममा आएको केन्द्रीय अवधारणा हो । साहित्यको समाजशास्त्रीय अध्ययनमा गोल्डमानको विश्वदृष्टि, र लावेन्थलको

अर्थको संरचना जस्तै रेमन्ड विलियम्सको अनुभूतिको संरचना पनि महत्त्वपूर्ण मान्यता हो । अनुभूतिले कलाको अनुभव पक्षलाई सङ्केत गर्छ भने संरचनाले सुनिश्चित रूपको बोध गराउँछ ( पाण्डेय, सन् २००६, पृ. १८०) । अनुभूतिको संरचनालाई एउटा कालखण्डको अनुभूति पनि मान्न सकिन्छ । साथै कलाका माध्यमबाट नै अनुभूतिको संरचना प्राप्त गर्न सकिन्छ । कुनै कालविशेषको समाजको अध्ययनका लागि अनुभूतिको संरचना महत्त्वपूर्ण छ । अनुभूतिको संरचना एउटा कालविशेषको चरित्रको द्योतक पनि हो तर एउटा कालविशेषको समाजमा सबैतिर संस्कृतिको एउटै रूप पाउन सकिदैन । अनुभूतिको संरचना कसैले निर्माण गर्न खोजेर प्राप्त हुने चिज पनि होइन । यो स्वतः अनायास रूपमा नै निमार्ण हुने गर्छ र अचेतन अवस्थामा नै गतिशील बन्छ (पाण्डेय, २०७३ पृ. ३१) । यो सिकेर सिकिने चिज नभएर एक पिँढीबाट दोस्रो पिँढीमा सहज ढङ्गले प्राप्त हुन्छ । यो स्वतःरूपमा एकपिँढीले अर्को पिँढीलाई सामाजिक चरित्र र सांस्कृतिक ढाँचाको अनुभव गराउँछ । कुनै पनि नयाँ पिँढीको अनुभूतिको संरचना आफ्नो हुन्छ । अनुभूतिको संरचना एउटा कालविशेषको समुदायको एउटा पिँढीको आफ्जो जीवनानुभव हुन्छ । यस अवधारणामा विलियमसले विचारभन्दा अनुभूति, वर्गभन्दा समुदाय र सामाजिक संरचनाभन्दा पिँढीलाई महत्त्व दिएको पाइन्छ (पाण्डेय, सन्. २००६ पृ. १८१) ।  मजदुरहरूको जीवन र उनीहरूको आन्दोलनलाई नजिकबाट हेर्ने अवसर पाएका विलियम्सले मजदुरहरूको जीवनमूल्यका साथै सांस्कृतिक चेतनालाई आत्मसात गरेको पाइन्छ । मार्क्सवादी चिन्तनबाट प्रभावित विलियम्सको चिन्तनमा ग्रामीण जनसंस्कृतिप्रतिको झुकाव देखिन्छ । सामाजिक चरित्र नैतिकता वा आदर्श हो भने अनुभूतिको संरचना त्यसैबाट जन्मिने त्यस्तो अनुभव हो जसले उच्चारण नगरी वा प्रत्यक्ष नभई कुनै मूर्त किसिमको दबाब जन्माउन सक्छ । समाधानका रूपमा कुनै कुनै प्रभुत्वशाली संस्कृतिलाई पछाडि छोडेर नयाँ संस्कृतिको विकास गर्ने तत्त्व हुन्छ, यसै आधारमा विलियम्सले समाधानतर्फ उन्मुख सामाजिक संज्ञा दिएका छन् (पाण्डेय, २०७३, पृ.८२) । विलियम्सले ग्राम्सीको पिँढी र प्रभुत्वसम्बन्धी अवधारणाबाट प्रभाव ग्रहण गर्दै त्यसलाई थप व्यवस्थित र नवीन दृष्टिकोणका साथ प्रस्तुत गरेका छन् । विलियम्सले तीन प्रकारका पिँढीको चर्चा गर्दै पहिलो प्रभुत्वशाली पिँढी जसको समाजमा एक किसिमको दबदबा हुन्छ अथवा शासको हैसियतमा हुन्छ । दोस्रो पिँढीले अगिल्लो पिँढीका प्रभुत्वका विकल्पमा आफ्नो अनुभूतिको संरचना निर्माण गर्छ । यसबिचमा दबाब र तनाव सिर्जना भई अर्को पिँढीको उदय हुन्छ भन्दै  प्रभुत्वशाली, अवशिष्ट र उदीयमान पिढीको चर्चा गरेका छन् (पाण्डेय, २०७३, पृ ३७) । कुनै एउटा समयविन्दुमा तीन तहको अनुभूतिको संरचना व्यवहारमा देखिन्छ । त्यस समय बाँचिरहेको पिँढी आफ्नो जीवन, आफ्नो समय र  संसारसँगको क्रियाप्रतिक्रियामा

आफ्नो अनुभूतिको संरचना निर्माण गर्छन् । विलियम्सको अध्ययन संस्कृति केन्द्री रहेको छ । उनले समाज र संस्कृतिको व्याख्या गर्दै लेखकलाई संस्कृति र समाजमा आएको परिवर्तनका बारेमा बोध हुनु पर्ने कुरालाई जोड दिएका छन् । उनको अध्ययन क्षेत्र व्यापक रहे तापनि उनले मूलतः संस्कतिलाई जोड दिएका छन् । उनको अध्ययनलाई सांस्कृतिक भौतिकवाद, सांस्कृतिक इतिहास, विचारहरूको इतिहास, सामाजिक आलोचना, साहित्यको समाजशास्त्र आदि विभिन्न नाउँ दिइएको पाइन्छ ( पाण्डेय, २०७३, पृ. २९) । उनले बेलायतको प्रभुत्वशाली अभिजात संस्कृतिसँग सङ्घर्ष गर्दै आफ्नो ठाउँ बनाएका हुन् । उनले संस्कृतिका तीन रूप र स्तरको चर्चा गर्दै पहिलो संस्कृति जीवन्त अनुभवका रूपमा रहन्छ । दोस्रो यसको रूप दस्तावेजी हुन्छ जुन कलाकृतिदेखि अन्य वस्तुमा प्रकट हुन्छ । तेस्रो यी दुबैका सम्बन्धबाट बन्छ भन्ने विचार अगि सारेका छन् (पाण्डेय, २०७३ पृ. २९) । प्रस्तु मान्यताका आधारमा कुनै कालविशेषका समुदायका अनुभव अनुभूतिलाई पिँढी र प्रभुत्वको आधारमा विश्लेषण गरी साहित्यिक रचनामा कसरी अनुभूतिको संरचना निर्माण हुनपुगेको छ भन्ने सन्दर्भको अध्ययन गर्न सकिने भएकाले 'थैले खत्रीको इतिहास' कथालाई यसै मान्यताका आधारमा विश्लेषण गरिएको छ ।

## छलफल तथा परिणाम

'थैले खत्रीको इतिहास' कथाका कथांशलाई साक्ष्यका रूपमा प्रस्तुत गरी निम्नबमोजिमका उपशीर्षकमा केन्द्रित रही विश्लेषण गरिएको छ :

### थैले खत्रीको इतिहास कथामा पिँढी र प्रभुत्व

'थैले खत्रीको इतिहास' कथा समयका दृष्टिले २०४६ सालअगिको नेपालको पञ्चायती व्यवस्थामा रहेको सामन्तवादी समाजको पृष्ठभूमिलाई आधार बनाएर रचना गरिएको यथार्थवादी कथा हो । नेपालमा समयसमयमा राजनीतिक व्यवस्था परिवर्तन भए पनि विचारधारा एवम् सामाजिक सांस्कृतिक चेतना यथावत रहेको तत्कालीन सामाजिक अवस्थाको चित्रण गरिएको छ । यस कथामा थैले खत्री आर्थिक रूपमा अत्यन्त कमजोर र दीनहीन अवस्था भएकै कारण उसको वास्तविक नाम नरबहादुर खत्री हुँदाहुदै समाजमा ऊ आफ्नो वास्तविक नामबाट परिचित नभएर थैले खत्रीको नामबाट परिचित छ । तत्कालीन सामन्तवादी संरचनाले परिचित गराउने नाम नै थैले खत्री हो । थैले खत्रीले भोग्नु परेको आर्थिक सामाजिक उत्पीडन सामन्तवादी सामाजिक संरचनाको परिणाम हो । त्यसैले प्रस्तुत कथाको अनुभूतिको संरचना पनि त्यही सामन्तवादी सामाजिक संरचनाको सांस्कृतिक उत्पादकका रूपमा देखा पर्दछ । आर्थिक दृष्टिले यस कथाका ख्याउटे(

हरिप्रसाद) कार्की, बडाहाकिम, पुलिस जस्ता पात्रहरू सामन्त वर्गको प्रतिनिधित्व गर्ने पात्र हुन् भने पिँढीगत दृष्टिले ती तत्कालीन नेपाली समाजका प्रभुत्वशाली पिँढीको प्रतिनिधित्व गर्ने पात्र हुन् । ती पात्रहरू एउटा पिँढीको प्रतिनिधित्व गर्न सक्षम रहेका छन् । ती पात्र व्यक्तिपात्र भएर पनि तिनले एउटा पिँढीको प्रतिनिधित्व गरेका छन् । थैले खत्री, थैलेकी स्वास्नी, किस्ने भुजेल आर्थक दृष्टिले विपन्न वर्गका व्यक्ति हुन् । प्रस्तुत कथामा आएका ख्याउटे, बडाहाकिम, पुलिस आदि पात्रहरू आर्थिक रूपमा मात्रै नभएर विचारधाराका दृष्टिकोण पनि प्रभुत्वशाली पिँढीका पात्र हुन् । यो पिँढी आफ्नो आफ्नो आर्थिक हैसियत मात्रै नभएर समाजमा आफ्नो सांस्कृतिक प्रभुत्व कायम गर्न र अर्को पिँढीलाई आफ्नो अधीनस्थ बनाउन प्रयासरत रहेको कुरालाई यस भनाइबाट पुष्टि हुन्छ ।

"नवलपुरको पुछारमा थैले खत्रीको एउटा खेत थियो । त्यो खेत उसको बाबुले अंशमा पाएको थियो र एक मात्र छोरो थैलेले आफ्नो बाबुबाटै त्यो खेत पाएको थियो । अड्डामा भएका प्रमाणले पनि थैलेलाई नै मालिक सकारेका थिए । दस मुरी मात्रै धान फल्ने भए पनि खेत हिराकै टुक्रा थियो । सिरानमा पानीको मूल थियो अनि पन्ध्र मुरी धान उमार्ने त्यो खेतमा जम्माजम्मी चारवटा गराहरू थिए अर्थात् एक गरा बराबर साढे दुई मुरी धान । खेतको गुणले गर्दा ख्याउटे कार्कीलाई पनि खेत साह्रै मन परको थियो " (पृ. १ ) ।

प्रस्तुत कथांशमा प्रभुत्वशाली विचारको पिँढीको प्रतिनिधित्व गर्ने ख्याउटे कार्की समाजमा आर्थिक हैसियत भएको व्यक्ति हो । यति मात्रै नभएर ऊ सामन्तवादी राज्यव्यवस्थामा प्रभुत्वशाली पिँढीको विचारको वाहक बनेको छ । ख्याउटेलाई कसैको कुनै वस्तु मन पर्‍यो भने ऊ त्यस वस्तुलाई प्राप्त गरेरै छोड्छ । यस कथामा पनि थैले खत्रीको पैतृक सम्पत्तीका रूपमा रहेको एक मात्र खेत उसलाई मन पर्छ । ऊ थैलेलाई सके प्रलोभनमा पारेर नसके जबर्जस्ती गुण्डा लगाएर भए पनि खेत प्राप्त गर्न चाहन्छ । यहाँ प्रभुत्वशाली पिँढी अरुमाथि आफ्नो आर्थिक मात्रै नभएर सामाजिक तथा सांस्कृतिक प्रभाव बनाइरहन क्रियाशील देखिन्छ । यहाँ ख्याउटेले जुन पिँढीको प्रतिनिधित्व गरेको छ त्यो प्रभुत्वशाली पिँढीको चरित्रको रूपमा प्रस्तुत भएको छ । घरमा नोकरचाकर, सम्पत्ती भए पनि ऊ अरुमाथि हैकम गर्न छाड्दैन । अरुमाथि डर, धाक, धम्की देखाएर भए पनि आफ्नो बसमा पार्न चाहन्छ र आफ्नै विचारको मुनि दबिएर बस्न विवस पार्छ । कथामा आएको बडाहाकिमले प्रभुत्वशाली पिँडीकै विचारलाई निरन्तरता दिएको छ । प्रारम्भमा ख्याउटे कार्कीले थैले खत्रीको दश मुरी थान फल्ने खेत हडपेपछि थैले खत्रीले विरोध गर्दा उल्टै ख्याउटेले थैले माथि गोली चलाउँछ । यस घटनापछि थैले लामो समयसम्म गाउँबाट बेपत्ता हुन्छ । ऊ बेपत्ता

भएपछि उसकी पत्नीमाथि ख्याउटेले अपशब्द मात्रै नबोलेर घरगोठमा समेत आगो लगाएर थैलेको परिबारलाई घरबार विहीन बनाउँछ :

"थैले हिँडेको २७ दिनका दिन ख्याउटेले थैलेको झुप्रोमा आगो लगाइदियो । थैलेकी गर्भवती पत्नीले रूँदैरूँदै ख्याउटेलाई सरापी- असत्ती मोरा, तेरा हातौं किरा परिजाऊन् । अवला भनेर हेप्या होइनस् ?"

कथांशमा थैले गाउँमा फर्केपछि आफ्नो खेत कब्जा गर्ने र आफ्नो पविारलाई बेघर पार्ने ख्याउटेलाई चुनौती दिन्छ । परिणामस्वरूप थैलेले ख्याउटेको गोदाममा आगो लगाउँछ । यस घटनापछि ख्याउटेको मनमा डर र आसङ्काले जन्म लिन्छ । ऊ सदरमुकाम गएर बडाहाकिमसँग विन्ती गर्छ । बडाहाकिमले घटनाको सत्यतथ्यको जानकारी नलिएरै ख्याउटेको सुरक्षार्थ प्रहरी पठाउँछ । यस सन्दर्भमा विद्यमान नेपाली समाजमा प्रभुत्वशाली पिँढी आफ्नो विचारका आधारमा निमुखा सोझासाझा गाउँले माथि शासन गर्न चाहन्छन् । यति मात्रै नभएर सामाजिक नीतिनियमका साथै तत्कालीन राज्यव्यवस्थाले प्रभुत्वशाली वर्गको पृष्टपोषण गरेको छ :

"गाउँ उस्तै ढङ्गले चलिरहेको थियो । ख्याउटे घरमा सुराकी पठाउँथ्यो, तर कतैबाट पनि थैलेको समाचार आइरहेको थिएन । ख्याउटे झन आत्तियो । उसले आफ्नो गोदामघर जलाएको समेत जानकारी दिई थैलेको बारेमा बढाइचढाइ गरी भोजपुरका बडाहाकिमलाई एउटा चिठी पठायो । उसको छोरो लप्टन (ख्याउटेले खाफ्नो छोरालाई माया गरेर बोलाउँदा लप्टन भन्थ्यो ) चिठी बोकेर भोजपुर बजारतिर गयो ।" (पृ.४)

प्रस्तुत कथांशका आधारमा थैले खत्रीको पटकपटकको चेतावनीपछि पनि ख्याउटेले आफ्नो पुरानो बानी व्यवहार नसच्याउँदा पहिले ख्याउटेको गोदाममा आगो लगाउँछ । यस घटनाबाट आत्तिएर सुरक्षार्थ बडाहाकिमललाई पत्र पढाउनुले पुरानो पिँढीको विचारको विकल्पमा नयाँ पिँढीको सङ्केत पाइन्छ । यस कथामा  ख्याउटे, बडाहाकिम, प्रहरी प्रभुत्वशाली पिँढीका रूपमा देखापरेका छन् भने गाउँलेहरूले थैले खत्रीलाई ख्याउटेका विरुद्ध नलाग्न सल्लाह दिएबाट यहाँ पुरानो पिँढीकै अवशिष्टका रूपमा देखापरेको छ :

"...मान्छेले थैलेको दुर्भाग्य सम्झेर खुइय सुस्केरा ताने । तिनीहरूमध्येका जेठाबाठाले थैलेलाई सम्झाउँदै भने- थैले तेरा दुर्दिन आए बाबै । के गर्छस्, ख्याउटेसँग पौंठेजोरी खेल्न सकिन्न । संसारै उसको हातमा छ । माया मार्दे अब एउटा खेत ।" (पृ.२)

थैले खत्री कसैका कुरा सुन्दैन । ख्याउटे थैले खत्रीलाई आफ्नो अधीनमा पार्न धेरै प्रयत्न गर्छ । उसको खोजीका लागि ख्याउटे सुराकी पठाउँछ । थैले खत्रीले भौतिक रूपमा नै विद्रोह गर्न

थालेपछि बडा हाकिमसँग सहयोग माग्छ । यसको परिणाम स्वरूप प्रहरी ख्याउटेको जीवन धनको सुक्षार्थ उसै घरमा डेरा गरी बस्छन् तर थैले खत्री आफ्नो उद्देश्यबाट पछाडि हट्दैन । ऊ सामान्तवादी प्रवृत्तिका विरुद्धमा  डटेर सामना गर्छ । अरुले ख्याउटेका विरुद्द नलाग्ने सल्लाह दिँदा पनि पर्वाह नगरी अगाडि बढ्छ । उसमाथि भएको अन्यायका कारण थैले खत्रीमा नयाँ विचारले जन्म लिएको छ :

"कस्तो कुरा गर्‍या ? ख्याउटेलाई किनारा लाउने आँट गरेपछि पार पाउँन किन सकिदैन ? रुसमा मान्छेले जारबाट पार पाए भने ख्याउटेबाट पार पाउन सकिदैन ? अलिकति हिम्मत गर्नु पर्छ । हिम्मत गर्ने मान्छेले पार पाउन नसक्ने केही छैन ।" (पृ.५)

प्रस्तुत कथांशमा गाउँलेहरूले थैले खत्रीलाई  ख्याउटे कार्कीका विरुद्ध नलाग्न भनेपछि त्यसको जबाफस्वरूप थैले खत्री आफूमाथि अन्याय गर्ने ख्याउटेका विरुद्ध सङ्घर्षमा उत्रिनुले प्रभुत्वशाली पिँढीका विकल्पमा उदीयमान पिँढीको निर्माण हुन थालेको देखिन्छ । कथामा थैले खत्रीले रुसमा जारको प्रसङ्ग लिई अव प्रभुत्वशाली विचारधारा र संस्कृतिको अन्त्य गर्नु पर्छ भनेको प्रसङ्गबाट थाहा हुन्छ । कथाको घटनाप्रसङ्ग अनुसार थैले खत्रीसँगै यस कथामा आएकी थैलेकी स्वास्नीले पनि ख्याउटेले अपशब्द बोल्दै उसको झुप्रोमा आगो लगाउँदा प्रतिवादस्वरूप गाली गर्छे । गाउँलेहरू ख्याउटेले गरेको निन्दनीय कार्यप्रति प्रत्यक्ष रूपमा विरोध गर्न नसके पनि ख्याउटेले गरेको कार्यप्रति सन्तुष्ट भने देखिदैनन् । यसबाट पनि समाजमा प्रभुत्वशाली पिँढीका विकल्पमा उदीयमान पिँढीको सङ्केत देखापरेको छ । समाजमा एकातिर सामन्तवादी संस्कृति र विचारधारालाई प्रभुत्वशाली पिँढीले निरन्तरता दिएको देखिन्छ भने अर्कोतिर थैले खत्री त्यस प्रभुत्वशाली पिँढीगत विचारधाराका विरुद्धमा सङ्घषरर्त देखिए पनि कथाको  अन्त्यतिर थैले खत्रीले- "मैले अल्लि बुद्धि पुर्‍याएनछु । एक्लै सबै थोक गर्न सकिन्छ भन्नु हुँदो रहेनछ ।"  यसरी प्रस्तुत कथामा एक्लैले केही गर्न नसकिदो रहेछ भन्ने थैलेको स्वीकारोक्तिपूर्ण अभिव्यक्तिले पूर्ण रूपमा वैकल्पिक पिँढीको निर्माण हुन सकेको भने देखिदैन ।

## थैले खत्रीको इतिहास कथामा अनुभूतिको संरचना

**थैले खत्रीको इतिहास** कथाको अनुभूतिको संरचना प्रभुत्वशाली सामन्ती संस्कृतिका दबावमा अर्को पिँढीले गरेको विशिष्ट अनुभूतिको संरचनामा आधारित छ । कथामा ख्याउटे कार्की, बडाहाकिम, प्रहरीको पिँढीले गरको आर्थिक शोषण र हेपाहा प्रवत्तिका कारण थैले खत्री, थैले खत्रीकी स्वास्नीलगायत गाउँका मानिसहरूमा जन्माएको अनुभूतिसँग सम्बन्धित छ । सामन्तवादी समाजमा आर्थिक दृष्टिले अत्यन्तै कमजोर समुदायले गरेको जीवनको अनुभूति कथामा प्रस्तुत भएको छ ।

साथै कथामा प्रभुत्वशाली पिँढीको अमानवीय चिन्तन र दबाबजन्य व्यवहारले छुट्टै अनुभूतिको संरचना निर्माण गरेको छ। कथाको प्रारम्भ नै ख्याउटेले थैलेको दश मुरी धान फल्ने सम्पत्तिका नाममा रहेको एक मात्र पुर्ख्यौली खेत कब्जा गर्छ। यतिमात्रै नभएर थैले गाउँबाट बेपत्ता भएको बेलामा उसको झुप्रोमा आगो लगाउँछ र थैलेकी स्वास्नीसँग दुर्वाच्य बोल्छ। पछि  नोकरको सहयोगमा थैलेकी दुई जिउकी स्वास्नीलाई मार्छ। ख्याउटेलाई थैलेबाट खतरा हुने महसुस भएपछि प्रहरीको सहयोगमा थैलेलाई पक्रेर कुटपिट गरी जेल पुर्‍याउँछ। यिनै कथामा व्यक्त समाजका घटना परिघटनाबाट थैलेमा दबाब र तनावको स्थिति सिर्जना भएको छ । थैले खत्रीमा सुरुमा दबाव र तनाव सिर्जना हुनुको मुख्य कारण ख्याउटेले बुबाको अंशबाट प्राप्त गरेको खेतलाई ख्याउटेले कब्जा गर्नु हो। थैले खत्रीमा सिर्जित दबाब र तनाव थैले खत्रीको मात्रै नभईकन त्यस समाजका आर्थिक शोषणमा परेको पिँढीकै दबाव र तनाव हो। यसबाट नेपालको पहाडी समाजको पुस्ता कसरी दबाव तनावका बिच जीबन बाँचिरहेको छ भन्ने कुरा तलको कथांशबाट पुष्टि हुन्छ :

"...थैलेले आफ्नो खेतमा ख्याउटेले गोरु नारेको थाहै पाएन। भोलिपल्ट एकैचोटि नवलपुर र प्याउलीका घरघरमा ख्याउटे र थैलेका कुरा उठे। मान्छेले थैलेको दुर्भाग्य सम्झेर खुइया सुस्केरा ताने..." (पृ. २)।

तत्कालीन समाजमा ख्याउटेमा सिर्जना भएको दबाव र तनाव उसको व्यक्तिगत मात्रै नभएर समाजमा आर्थिक शोषणमा परेका समुदायकै दनाब र तनाव हो। किन भने यो घटना थैलेमा केन्द्रित रहे पनि उसमा मात्रै सीमित छैन । थैलेमाथि घटेको यस घटनाले समाजका विपन्न समुदायमा आशङ्का र भय सिर्जना गरेको छ। कथामा प्रभुत्वशाली समुदायले गरेको ज्यादतीको यो घटनाबाट थेले खत्री ख्याउटेले आफूमाथि ठुलो अन्याय गरेको अनुभुति गर्छ :

"नामर्दको छोरो भए छोडुँला त्यसै ....थैलेले उत्तेजित भएर भन्यो- ख्याउटेले के सम्झ्या छ हँ मलाई ? कि आफूजस्तै दुई बाबुको छारो सम्झ्या छ ? उसबेला त पत्तै पाइनँ र पो। अब हालोस् त मेरो खेताँ खुट्टा घुँडा खुस्काइनँ भने....." (पृ. ३)

प्रस्तुत कथांशबाट ख्याउटेले थैले खत्रीको खेत कब्जा गरेपछि उसले गरेकोको विरोधजन्य अभिव्यक्ति नै विशिष्ट अनुभूति बन्न पुगेको छ। समुदायका अन्य मानिसहरू पनि ख्याउटेले थैले माथि ठुलो अन्याय गरेको अनुभव गर्छन्। कथामा आफ्नो बुबाको अंशबाट पाएको एउटा मात्र खेत ख्याउटेले हडप्दा थैलेमा मात्रै पीडाजन्य अनुभूति नभएर उसकी स्वास्नीमा पनि देखापरेको छ। थैले गाएबाट बेपत्ता भएपछि थैलेको घरमा आगो लगाई उसकी स्वास्नीसित अपशब्द बोली बेघर बनाएको घटनाबाट थाहा हुन्छ।  गाउँलेले ख्याउटे शक्तिसम्पन्न भएकाले उसँग जोरी खोज्नु हुँदैन

भन्ने सल्लाह दिनु गाउँलेमा उत्पन्न त्रास र पीडाजन्य अनुभूतिकै उपज हो । थैले खत्री गाउँलेको यस्तो सल्लाह मान्न तयार छैन । ऊ जुनसुकै परिस्थितिको सामना गरेर भए पनि आफ्नो सम्पत्ति फिर्ता लिने र ख्याउलेलाई उसले गरेका गल्तीको सजाय दिएरै छाड्ने अठोट गर्छ । परिणामस्वरूप तीन वषपछि गाउँ फर्केर ख्याउटेलाई पहिले चेतावनीस्वरूप पत्र पठाउँछ । पत्रबाट ख्याउटेलाई कुनै प्रभाव नपरेपछि थैले खत्री ख्याउटेको गोदाममा आगो लगाउँछ । थैलेले ख्याउटेको गोदाममा आगो लगाएको घटनापछि भने ख्याउटे खाफू विरुद्ध सङ्घर्ष गर्ने थैलेलाई पक्रिन बडाहाकिमसँग सहयोग माग्छ । प्रहरीको निगरानीमा रहेको थैले ख्याउटेलाई आफ्नो बानी व्यवहार सुधार्न पुनः चेतावनी दिन्छ तर ख्याउटेमा कुनै पविर्तन नआएपछि उसको गोठमा आगो लगाउँछ । प्रहरी र ख्याउटेका बिच जम्काभेट हुँदा दोहोरो भिडन्त हुन्छ । यस घटनामा एक जना प्रहरीको मृत्यु हुन्छ भने ख्याउटे समातिन्छ । कथामा प्रभुत्वशाली सामाजिक मान्यताका विरुद्ध एक्लै सङ्घर्ष गरिरहेको थैले खत्री कथान्तमा भने एक्लैले समाजलाई परिवर्तन गर्न नसकिँदो रहेछ भन्ने निष्कर्षमा पुग्छ । यसरी प्रस्तुत कथामा प्रभुत्वशाली समुदायको शोषण र अन्यायका बिचमा थैले खत्रीमा दबाव र तनावका बिच अनुभूतिको संरचना निर्माण भएको छ । त्यो दबाब र तनावको स्थितिको मुख्य कारण नै ख्याउटे कार्की र उसको अमानवीय व्यवहार हो । त्यो अमानवीय व्यवहारको विरुद्धमा थैले उत्रिएको छ । ऊ विद्रोही बनेर ख्याउटेसँग आफूमाथि गरेको अन्यायको बदला लिएरै छाड्ने प्रण गर्छ । यसरी कथामा प्रभुत्वशाली संस्कृतिका कारणले थिचोमिचो सहन विवश थैले खत्री जस्ता पात्रको चारित्रिक विकासका साथै सहानुभूति र विश्वास प्रकट भएको पाइन्छ ।

**आख्यान सन्दर्भ**

'थैले खत्रीको इतिहास' कथा यथार्थवादी कथा हो । यस कथामा घटनाक्रमलाई विभिन्न ससाना सात अध्यायमा विभाजन गरी प्रस्तुत गरिएको छ । साथै यस कथामा समाख्याताले घटनाक्रमसँगै प्रत्येक अध्यायको समाप्तिको जानकारी दिएका छन् । कथाको पहिलो अध्यायमा थैले खत्रीको परिचयदेखि ख्याउटे कार्कीले थैले खत्रीका खेत कब्जा गरेको र त्यस कार्यको विरोध गर्दा ख्याउटेले थैले खत्रीमाथी गोली चलाएको घटना प्रस्तुत गरिएको छ । दोस्रो अध्यायमा ख्याउटे कार्कीले थैले खत्रीको घरमा आगो लगाएको, उसकी स्वास्नीसँग दुर्वाच्य बोलेको र मारेको घटना समेटिएको छ । तेस्रो अध्यायमा थैले खत्रीले ख्याउटे कार्कीको भकारी र गोठमा आगो लगाएको र ख्याउटेको हातमा गोली लागेको घटना उल्लेख गरिएको छ । चौथो अध्यायमा प्रहरी ख्याउटेको सुरक्षामा लागि घरमा आई बस्नुका साथै थैलेले ख्याउटेका प्रत्येक क्रियाकलाप चिठीमार्फत प्रहरीलाई जानकारी गराउँदै आफू तीन महिनासम्म बेपत्ता भएको, प्रहरी फर्केपछि ख्याउटेले कब्जा

गरको आफ्नो खेतको धान काटेर लगेको सन्दर्भ प्रस्तुत गरिएको छ । कथाको पाँचौँ अध्यायमा थैले खत्रीलाई प्रहरीले समातेर ल्याएपछि उसमाथि कुटपिट गरी मरणासन्न बनाएको घटना उल्लेख गरिएको छ । साथै छैटौँ अध्यायमा थैले खत्री जेल परेको सन्दर्भ उल्लेख गरिएको छ भने सातौँ अध्यायमा उसको चिहान चितवन जिल्लाको राप्ती खोलाको किनारमा रहेको घटनासन्दर्भ प्रस्तुत गरी कथान्त गरिएको छ ।

प्रस्तुत कथामा ख्याउटे कार्कीले थैले खत्रीको जग्गा कब्जा गर्छ । जग्गा कब्जा गरको घटनाले थैले खत्री र ख्याउटे कार्कीकाबिच प्रतिशोध सिर्जना हुन्छ । यस कथामा थैले खत्रीले पुर्ख्यौली अंशका रूपमा पाएको खेत ख्याउटेले कब्जा गरेपछि ऊ आतङ्कित मात्र नभएर उसमा प्रतिशोध सिर्जना हुन्छ । बिरोध गर्दा पनि ख्याउटेले खेत हडप्न नछाडेपछि ऊ प्रतिकारमा उत्रिन्छ । यसै क्रममा ख्याउटेले गोली हानेपछि गाउँ छोडेर भाग्छ । गाउँ छोडेर गएको  तीन वर्षपछि थैले खत्री पुनः गाउँ फर्कन्छ र आफूमाथि अन्याय गर्ने ख्याउटे माथि चेतावनीस्वरूप गोठमा आगो लगाउँछ । ख्याउटेले नमान्दा आफ्नो खेतमा लगाएको धानबाली सबै सखाप पार्छ । ऊ ख्याउटेको तीनवर्षसम्म अन्न जम्मा गरेको गोदाममा आगो लगाउनसमेत पछि पर्दैन । ऊ अन्तमा ख्याउटेको सुरक्षार्थ खटिएका प्रहरीको जालमा फस्छ र उनीहरूबाट निर्घात पिटाइ खाँदै जेल पुग्छ । यसरी कथामा नेपाली समाजमा प्रभुत्त्वशाली समुदायले गरिब समुदायमाथि कसरी अन्याय गर्दछन्, भन्ने तत्कालीन  सामाजिक संस्कृतिको ज्वलन्त उदाहरणको रूपमा यो कथा प्रस्तुत भएको छ ।

**निष्कर्ष**

'थैले खत्रीको इतिहास' कथामा २०४६ निरङ्कुश पञ्चायती व्यवस्थामा हुने बेथिति अत्याचारका साथै शासकको ममोमालिन्यको चित्रण पाइन्छ । कथामा आएका नेपाली समाजका ख्याउटेजस्ता  प्रभुत्वशशाली वर्गलाई सरकारी अड्डामा रहेका बडाहाकिमजस्ता राज्यव्यवस्था सञ्भालनमा खटिएका सरकारी कर्मचारीबाट संरक्षण भउको पाइन्छ । यस कथाको समाज नै पञ्चायतकालीन नेपाली समाज हो । तत्कालीन राज्यव्यवस्थामा समाजमा गरिबमाथि हुनेगरेको दमन र शोषणका कारण समाजका थैले खत्री जस्ता विपन्न र असहाय मानिसमाथि भएको अन्यायको परिणति नै तत्कालीन रामाजिक व्यवस्थाप्रतिको विदोह हो । यस कथामा सामन्तवादी प्रभुत्वशाली मान्यताको वर्चस्व रहेको तत्कालीन समय परिवेशमा  थेले खत्रीजस्ता व्यक्तिमाथि भएको शोषणका कारण दबाव सिर्जना गरेको पाइन्छ । यस कुराको पुष्टि ख्याउटे कार्कीले थैलेको दश मुरी धान फल्ने खेतमा जबरर्जस्ती आफ्ना गोरु जोतेको घटनाबाट प्रस्ट हुन्छ ।  ख्याउटेले आफ्नो खेतमा जबर्जस्ती गोरु जोतेको थाहा पाएपछि खेतमा गई ख्याउटेसँग प्रतिवाद गर्छ तर

ख्याउटे उल्टै थैलेमाथि गोली चलाउँछ । यस घटनापछि थैले ख्याउटेलाई चेतावनी दिँदै गाउँबाट बेपत्ता हुन्छ । तीन वर्षपछि फर्केर आउँदासम्म ख्याउटेले थैलेको घरमा आगो लगाउनुका साथै नोकरको सहयोगमा दुई जिउकी स्वास्नीलाई मारेको घटना थाहा पाउँ छ । यस कथामा प्रभुत्वशाली पिँढीको विचार क्रियाकलापबाट उत्पन्न दबाब र तनावका कारण थैलेलाई विद्रोही बनाई जबसम्म समाजमा भएका प्रभुत्वशाली सामन्तवाली विचारधाराको अन्त्य हुँदैन तबसम्म समाजमा आफ्नो मूल्य स्थापना गर्न सकिदैन । यसरी तत्कालीन नेपाली समाजको सामन्तवादी प्रभुत्वशाली मान्यताले अधीनस्थमाथि गरेको हैकमस्वरूप दबाब सिर्जना गरेको छ । तत्कालीन पञ्चायती निरङ्कुश राज्यव्यवस्था सामन्तवर्गकै विचारको संवाहक भएकाले त्यस मान्यताका विरुद्ध कुनै ठोस वैकल्पिक संस्कृति निर्माण हुन नसके पनि सामाजिक परिघटनाले  विशिष्ट अनुभूतिको संरचना निर्माण गरेको छ ।

## सन्दर्भ सामग्री

गौतम, कृष्ण (२०५९), *आधुनिक आलोचना : अनेक रूप अनेक पठन* (दो.संस्क.). साझा प्रकाशन ।

गौतम, कृष्ण (२०७५) मार्क्सवाददेखि उत्तरमार्क्सवादसम्म. भृकुटी एकेडेमिक पब्लिकेसन्स ।

घर्ती, दुर्गाबहादुर (२०७९). *केही दृष्टिकोण केही विश्लेषण.* ओरियन्टल पब्लिकेशन ।

घिमिरे, विदुला (२०६९), *बानिरा गिरीका उयपन्यासमा अनुभूतिको संरचना.* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध.नेपाली केन्द्रीय विभाग. त्रि.वि. ।

घिमिरे, विदुला (२०७४). *सामाजिक यथार्थवादी नेपाली उपन्यासमा अनुभूतिको संरचना.* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध. त्रिभुवन विश्वविद्यालय ।

जैन, निर्मला (सन् १९८६). *साहित्यका समाजशास्त्रीय चिन्तन.* हिन्दी माध्यम कार्यान्वयन निर्देशनालय ।

पाण्डेय, ताराकान्त (२०७३). *मार्क्सवाद, सांस्कृतिक अध्ययन र साहित्यको समाजशास्त्र.* साझा प्रकाशन ।

पाण्डेय, मैनेजर (सन् १९७४). *साहित्य के समाजशास्त्र की भूमिका.* साहित्य अकादमी ।

बराल, ऋषिराज (२०६४). *साहित्य र समाज.* साझा प्रकाशन ।

नेपाल, प्रदीप (२०६२). *धरहराको सहर.* साझा प्रकाशन ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल (२०६१). *पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त.* विद्यार्थी पुस्तक भण्डार ।

सुवेदी, तोयानाथ (२०७८). *ऋषिराज बरालका कथामा अनुभूतिको संरचना.* अप्रकाशित दर्शनाचार्य शोधप्रबन्ध. नेपाली केन्द्रीय विभाग. त्रि.त्रि. ।

Gramsci, Antonio (1973). *The Prison Notebooks : Selections*, Trans. and Ed. Hoare and Smith. London : Lawrence and wishart.